बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

पत्र संख्याः ०८३/०८४

हेटौंडा, नेपाल

करार सेवामा कर्मचारी पदपूर्ति सम्वन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०५/२४

ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३ अन्तर्गत सातै प्रदेशस्थित प्रदेश स्वास्थ्य निर्देशनालयमा काम गर्ने गरी तपसिलको पद र संख्यामा तोकिएको योग्यता भएका कर्मचारी करार सेवामा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवेदन दिनुहुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत जानकारी यस निर्देशनालयको वेवसाईट https://hd.bagamati.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिलः

विज्ञापन नं.	पद	माग पद संख्या	पदको लागि आवश्यक योग्यता	कैफियत
१/०८३-०८४	सर्भिलेन्स मेडिकल अधिकृत (आठौं)	१	MBBS and registered at NMC with 3 years of relevant work experience	
२/०८३-०८४	कार्यक्रम अधिकृत (एच.आई.भी., क्षयरोग र मलेरिया)(आठौं)	१	Master's in public Health or related social science with 3 years of experience in public health project	
३/०८३-०८४	अनुगमन, मूल्याङ्कन र आपूर्ति व्यवस्थापन सहायक (पाँचौं)	१	Bachelors in public health or any other related field with 2 years of working experience in communicable diseases (experience in HIV, TB & Malaria program preferred)	

१. **दरखास्त दिने स्थानः** स्वास्थ्य निर्देशनालय, हेटौंडा

२. **परीक्षाको किसिमः** लिखित परिक्षा र अन्तर्वार्ता

३. **दरखास्त दिने अन्तिम मिति** : २०८३ भदौ ३० गते मङ्गलवार कार्यालय समय भित्र । (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट)

४. दरखास्त फारम यस निर्देशनालयको वेवसाईट https://hd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

५. अन्तर्वार्ताको मिति, समय र स्थान पछि तोकिने छ ।

६. **दरखास्त दस्तूर** : स्वास्थ्य निर्देशनालयको कोड नं ३७००१३२१४३ राजश्व शिर्षक नं. १४२२९ (परिक्षा दस्तुर विज्ञापन नं. १/०८३-०८४, २/०८३-०८४ को लागि रु.१२००/ अक्षरुपी बाह्रसय मात्र) र विज्ञापन नं.३/०८३-०८४ को लागि रु.७००/(अक्षरुपी सातसय मात्र) राष्ट्रिय बाणिज्य बैंकको खातामा दाखिला गर्नुपर्नेछ ।

७. कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

फोन नं.: ०५७-५२४५१०, ०५७-५२४५१५ र ०५७-५२४८६१, ईमेलः info.hd@bagamati.gov.np

पत्र संख्याः ०८३/०८४ हेटौंडा, नेपाल

८. **उम्मेदवारको न्यूनतम शैक्षिक योग्यता र अनुभव** :

ग्लोवल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्वन्धी निर्देशिका २०८३ को दफा ८(१) मा उल्लेख भए अनुसार हुनेछ ।

९. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** :

व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद वा अन्यमा दर्ता भएको प्रमाणित (लागू हुने हकसम्म), (अन्तर्वार्तामा आउँदा सक्कल कागजात लिएर आउनुपर्नेछ)

१०. **सेवा सुविधा** : निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

११. म्याद नाघी आएका र रित नपुगेका दरखास्त सम्वन्धमा कुनै कारवाही हुने छैन ।

१२. थप जानकारीको लागि कार्यालयको टेलिफोन नम्बर ०५७-५२४५१० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

डा. नरेन्द्र कुमार झा
निर्देशक